# अमरगढी सरकारको आ.व.२०७५/०७६ को निति तथा कार्यक्रम र बजेट :

नगर सभामा नगर प्रमुख बिशेश्वर प्रशाद ओझाले प्रस्तुत गर्नु भएको अमरगढी सरकारको आ.व.२०७५/०७६ को निति तथा कार्यक्रम र बजेट

यस गरिमामय सभाका सभाअध्यक्ष ज्यु ,

नगर सभा सदस्यहरु , एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पत्रकार महोदय , र उपस्थित सम्पूर्ण महानुभावहरु :

सर्व प्रथम म नेपालमा बिभिन्न समयमा नेपाल र नेपालिको स्वभिमानका निमित्त भएका जनसंघर्ष एवम् लोकतान्त्रिक आन्दोलनहरुमा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात बीर शहिदहरु सहित यसै भुमिमा जन्मनु भएका धर्ति पुत्र बीर सपुत तथा किसान नेता सहिद भिम दत्त पन्त प्रति भाव पुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । संघर्षको दौरानमा बेपत्ता हुनु भएका बिर योद्धा र उहाँहरुको पिडित परिवार प्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु । साथै नेपालि समाज लाई अग्रगामि परिवर्तनको मार्गमा डोर्‍याउन बिविध क्षेत्र बाट योगदान पुर्‍याउनु हुने आदरणीय अग्रज योद्धाहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

संघिय लोकतन्त्रको स्थापना संगैसम्पन्न भएको स्थानिय तहको निर्वाचन पश्चातको करिब एक वर्ष पछि यस अमरगढी नगरपालिकाको तेस्रो ऐतिहासिक नगरसभाको उद्घाटन समारोहमा आर्थिक बर्ष २०७५/०७६ को बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित ठानेको छु। म र मेरो सिंगो सहयात्री साथीहरुलाई यो महत्वपुर्ण जिम्मेवारी दिनु भएकोमा सम्पुर्ण नगरबासी हरुमा हार्दीक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

नेपालको संविधानले नेपालमा स्थानीय प्रदेश र संघ गरी तीन तहको सरकारको परिकल्पना गरेको छ । सोहि अनुसार स्थानिय तहलाई स्थानिय सरकारको रुपमा संबिधानले परिकल्पना गरे संगै अब प्रत्येक स्थानिय तहमा केन्द्रमा जस्तै कार्यपालिका , व्यवस्थापिका तथा अर्ध न्यायिक निकाय संम्बन्धीसंबैधानिक ब्यवस्था रहनुका साथै स्थानीय तहको कार्यमा प्रभावकारिता र पारदर्शिता को निमित्त यी एक अर्का बीच शक्ति पृथकिकरण तथा शक्ति सन्तुलन पनि रहेको ब्यहोरा यहाँहरुलाई अवगत नै छ । संविधान्तः अमरगढी नगरपालिका स्थानिय सरकार को रुपमा स्थापित भैसकेको अवस्थामा यस नगरपालिकामा बसोबास गर्ने हरेक नागरिकको जनसरोकारका सवालहरुमा यस स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाहरुमा कुनै आग्रह पुर्वाग्रह नराखि म र मेरो सम्पुर्ण टिम सेवामा सर्मर्पित रहने बिश्वास समेत दिलाउन चाहन्छु ।

उपस्थित महानुभाबहरु :

यस अमरगढी नगरपालिकाको स्थापना भएको दुई दशक बिति सकेको तथा यस नगरपालिकाले विभिन्न आरोह अवरोह पार गर्दै जनताको सेवामा समर्पित रहेको व्यहोरा विदितै छ । यस नगरपालिकाको नाम नगरको गहनाका रुपमा रहेको ऐतिहासिक अमरगढी किल्लाको नामबाट नामाकरण गरिएको थियो , साथै नेपालमा विभिन्न समयमा भएको राजनैतिक परिवर्तन , प्रशासनिक पुनरसंरचना, सीमा हेरफेर तथा संघिय संरचनामा समेत पूर्ववत अवस्थामा रहेको र भौगोलिक क्षेत्रफलको हिसाबले १३९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिका अन्तर्गत ११ वडा रहेको ब्यहोरा समेत यहाँहरु समक्ष सर्वविदितै छ । नेपालको संबिधान युगन्तकारी परिवर्तनको दस्तावेज हो । संबिधान जारि भएसंगै मुलुक नयाँ युगमा प्रबेश भएको छ , संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ , अब समाजको समग्र परिवर्तनको

लागि गरिने संघर्षको रुप बदलिएको छ , अबका संघर्ष सामाजिक सत्रुका रुपमा रहेका भोग, रोग , शोक एवं गरिबि पछौटेपन र अशिक्षा बेरोजगारिका बिरुद्ध केन्द्रित छ । सामाजिक न्याय सहितको समाबेसि आर्थिक बिकाशका माध्यम बाट समृद्धि हासिल गर्दै अघि बढ्ने कुरा मुलुकको अबको मार्ग चित्र हो । यस दिशामा केन्द्रित प्रयत्नहरु बाट नै समाजबाद उन्मुख समग्र परिबेश तयार हुनेमा हामि बिश्वस्त छौ ।

संबिधानले परिकल्पना गरेका मैलिक हकको पुर्ण उपभोगको सुनिस्चितता लाई समेट्दै संबिधानले परिकल्पना गरेको दिगो शान्ती , सुशासन , बिकाश र समृद्धिको आकाङक्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा क्रियाकलापहरु समाबेस गर्न मा ध्यानदिन जरुरी छ ।

दशकौ सम्म राजनितिक अधिकारका लागि लडेका नेपालि जनता सामु अब आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको चाहना सर्वाधिक चासोको बिषय बनेको छ , जनता का मन मस्तिस्कका चाहना लाई गुथेर सरकार ले जनता लाई बिकास समृद्धिको सुन्दर उपहार दिने योजना बनाएको छ । हामि दिगो बिकास लक्ष्य प्राप्तीको दिशामा अगाडि बढ्न चाहन्छौ । यो निति तथा कार्यक्रम तयार पार्दा मैले उपरोक्त भावनालाई गहिरो गरि आत्म साथ गरेको छु ।

बिगत लामो समय सम्म स्थानिय निकाय जनप्रतिनिधि बिहिन रहेको अवस्थामा जन अपेक्षा तथा जन भावना अनुरुप स्थानिय निकाय बाट सेवाप्रबाह हुन नसकेको कुरा अवगत गराउदै अब स्थानिय निकाय स्थानिय सरकारका रुपमा निर्माण भई सके पछि र स्थानिय तहको निर्वाचन सम्पन्न भई जन प्रतिनिधि निर्वाचित भई सकेकाले यस अमरगढी नगरपालिका बाट प्रबाह हुने सेवा सुबिधा तथा बिकाश निमार्णको क्रियाकलापको प्रभाबकारिता र गुणस्तरीयता पुर्ण रुपमा सम्बोधन हुने कुरा र जन आकाक्षा पुरा हुने कुरामा बिश्वास दिलाउन चाहन्छु ।

उपस्थित महानुभाब हरु ,

अब म यस अमरगढी नगरपालिकाको आगामि आर्थिक बर्ष २०७५/०७६ का लागि नगरकार्यपालिका बाट सिफारिस भई नगर सभा मा पेश हुन आएको निति तथा कार्यक्रम पेश गर्न चाहन्छु । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारि भएको नगरपालिकाको निति बजेट तथा कार्यक्रम तयारी को ढाँचा हरुलाई अनुसरण गरि यस नगरपालिकाको बार्षिक निति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र निति तथा बिषय हरुलाई आधार लिएको छु ।

- नेपालको संबिधानमा ब्यवस्था भएका निति , मार्गदर्शक सिद्धान्त , मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखनिय स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका बिषय ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपाल सरकारको आ.व.२०७५/०७६ को निति तथा कार्यक्रम ।
- नेपाल सरकारको आ.व.२०७५/०७६ को बजेट बक्तब्य ।
- नेपाल सरकार प्रदेश नं. ७ को २०७५/०७६ निति तथा कार्यक्रम तथा बजेट वक्तव्य
- अमरगढी नगरपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरु
- स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको नितीगत ब्यवस्था

अब म यस अमरगढी नगरपालिकाको आगामि बर्षमा अवलम्बन गरिने क्षेत्र गत निति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

१) **आर्थिक क्षेत्र :-**

क) **कृषि तथा पशुपालन** (जनताको सवलिकरण कृषिमा आधुनिकरण )

- कृषि पेशा लाई ब्यावसायिक बनाउन आधुनिकरण गरी , उन्नत जातका बिउ बिजन तथा अत्याधुनिक कृषि औजारको प्रयोग तर्फ कृषक हरुलाई बिशेष अनुदान सहुलियत प्रदान गरी उत्पादनमा बृद्धि गर्ने निति अबलम्बन गरिनेछ ।
- कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्न नमूना कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषकहरुकालागि **"नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम"** सञ्चालन गरिनेछ ।
- कृषिको व्यवसायीकरण, यान्त्रिकरण र मूख्य श्रृङ्खला विस्तारगरी कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारभूत रुपमा विकसित गर्दै कृषिको उत्पादन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- पशुपालन र तरकारि खेति मार्फत गरिबि निवारणमा सहयोग पुर्याईने छ ।
- सिमान्तकृत , बिपन्न , मुक्त हलिया , महिला हरुलाई सामुहिक ब्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने र अनुदान उपलब्ध गराईने छ ।
- ब्यवसायिक गाई भैसि फर्म , बंगुर फर्म बाखा फर्म , कुखुरा फर्म , बिकास र बिस्तारका लागि सहभागितामा अनुदान दिने निति अबलम्बन गरिनेछ ।
- जमिन बाँझो राख्ने प्रबृती लाई निरुत्साहित गर्ने र भुमिहिन कृषक हरुलाई खेतिगर्न करारमा जमिन उपलब्ध गराउने ब्यवस्था गरिनेछ ।
- शित गृहमा भण्डारण गर्ने कृषक लाई भण्डारण अनुदान उपलब्ध गराईने छ ।
- माटो परिक्षण कार्यमा तिब्रता दिई नगदेवाली , फलफुल तथा पुष्प ब्यवसाय लाई प्रोत्साहन गर्ने र Organic खेति लाई बिशेष प्रथमिकतामा राख्ने निति अबलम्बन गरिने छ ।
- उन्नत जातका पशु आयातमा जोड दिदै लोप भइरहेका स्थानिय पशु प्रजातिको संरक्षण गरि दुग्ध र मासुजन्य उत्पादनमा जोड दिईने छ र उन्नत जातका पशु पालनमा बिशेष सहुलियत प्रदान गरिने निति अबलम्बन गरिने छ ।
- किसानको क्षमता अभिबृद्धीका लागि बिशेष किसिमका कार्यक्रम आयोजना गर्ने निति अबलम्बन गरिने छ ।
- लोपोन्मुख खाद्यान बालि प्रोत्साहन सम्वन्धि कार्यक्रम कोदो , फापर ,काकुन , मुसुरो , धान लगायत बालि संरक्षण गरिनेछ ।
- दाना तथा ह्याचरी उद्योग स्थापनाका लागी पहल गरिने छ ।
- राजमार्ग हरियाली (Green Road) कार्यक्रम लागु गरिने छ ।
- कृषि विकासमा संलग्न निकाय संस्था संग समन्वय र सहकार्य गरि कृर्षि बिकाशमा एकद्धार प्रणालि अपनाईने छ ।
- कृषकहरु लाई बालि तथा पशु बिमा तर्फ उन्मुख हुने निति अबलम्वन गरिने छ ।

- High Valuecrops र एक गाँउ एक उत्पादनको व्यवसायिकरण गरिनेछ । कृषि बालि संरक्षणका लागि बन्य जन्तुबाट हुने नोक्सानिको नियन्त्रणका लागि बिशेष आधुनिक उपकरणमा अनुदान उपलब्ध गराईने व्यवस्था गरिने छ ।
- अमरगढी क्षेत्रमा माछा पालन गर्ने किसान लाई अनुदानको व्यवस्था गरिने छ ।
- यस आ.व. लाई फलफुल बर्षको रुपमा मनाईने छ र किसान हरुलाई मान सम्मान एव् अनुदान दिने निति अवलम्बन गर्दै बजारको सुनिश्चितताको लागि "उत्पादन किसानको, बजार स्थानिय सरकारको" अवधारणा अगाडी सारिनेछ ।

ख) **स्वास्थ्य** (स्वास्थ्य बिमा नि:शुल्क उपचार -स्वस्थ्य नागरिक जिम्मेवार सरकार )

- **"नगर बासी संग डाक्टर"**कार्यक्रममा घुम्ती सेवा, घर दैलो र ६० वर्ष माथिका जेष्ठ नागरिक, अपाङ्ग, असहायको उपचारमा विशेष सुविधा प्रदान गरिने छ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम योजना लाई एकद्धार प्रणालिबाट प्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रम लाई बिशेष महत्वका साथ अगाडि बढाईने छ ।
- **"जेष्ठ नागरिक उपचार"** अर्न्तगत ८४ बर्ष पुगेका जेष्ठ नागरिक लाई सम्मान स्वरुप निशुल्क घरदैलोमा स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- गुणस्तरिय स्वास्थ्य सेवाको सुनिस्चितता गर्न प्रत्येक स्वास्थ्य चौकिमा घुम्ती डाक्टर (चिकित्सक) सेवा प्रदान गरिने छ ।
- नेपाल सरकारबाट घोषणा गरिएका नि:शुल्क औशधिहरु सहज रुपमा प्रत्येक स्वास्थ्य सस्था बाट नगरबासिको पहुचमा पुर्याईने छ ।
- नगर स्वास्थ्य केन्द्रको स्तर बृद्धि गरि थप स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- प्रजनन् स्वास्थ्य सुधार युवा प्रजनन् शिक्षा तथा No home Delivery को निति कडाईका साथ लागु गरिनेछ ।
- योगाभ्यास , योग शिक्षा नैतिक शिक्षा र आध्यात्मीक शिक्षामा जोड दिईनेछ ।
- मानसिक स्वास्थ्य सेवा संचालन गरिनेछ ।
- खाध्य सुरक्षामा जोड दिईनेछ ।

ग) **खानेपानि तथा सरसफाई** (खानेपानिमा लगानि स्वच्छ जिन्दगानि )

- डिपवोरिङ्ग प्रविधिलाई बिस्तार गर्दै उग्रतारा मन्दिर परिसरमा जडान गरिएको डिपबोरिङ्ग बाट व्यवस्थित पानि बितरण गरि अन्य ठाउमा पनि अध्ययन र जडान गरि विस्तार गरिने छ ।
- खानेपानि मुहानहरुको खोजि र संरक्षण गरि साझा स्वामित्व स्थापना गरिने निति अबलम्बन गरिनेछ ।
- अमरगढीमा **"बृहत ढल व्यवस्थापन"** परियोजना मार्फत ३ वटा प्रशोधनकेन्द्र स्थापना गरी सिचाई र माछापालन व्यवसायमा प्रयोग गरिने छ ।
- अमरगढी साना सहरी खानेपानि योजना लाई निर्धारित समयमै सम्पन्न गर्न प्रयत्न गरिनेछ ।

- नगर भित्र **"एक घर एक स्वच्छ खानेपानिका धारा"** निति अवलम्बन गरिने छ ।
- सरसफाईको लागि टोल समितिलाई प्रभाबकारी बनाई निरन्तरता दिईनेछ । खानेपानि तथा सरसफाई समितिलाई अझ बढी उत्तरदायि बनाईनेछ ।
- फोहरमैला व्यवस्थापनमा संलग्न जनसक्तिको उत्प्रेरणा बढाउनमा जोड दिई फोहरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई कर , दण्ड र जरिवाना लाई प्रभाबकारी बनाईनेछ । फोहोर लाई मोहरमा परिणत गर्ने निती अवलम्बन गरिने छ ।
- हातहातमा बुच्चो घरघरमा बाल्टी सफा टोल सफा अमरगढी को अवधारणामा प्रत्येक नागरिकलाई जिम्मेवारी बोध गराउदै फोहरमैला उत्पादन अनुपातमा आर्थिक भारको मापदण्ड र करको अनुपात मिलाईनेछ ।
- सार्वजनिक सौचालयको संख्या थप गरि सर्वसुलभ एवम् व्यवस्थित गरिनेछ ।
- प्रत्येक वार्ड भित्रका खाने पानिका मुलहरुको पहिचानगरि दर्ता प्रक्रिया का लागि सम्वन्धित वार्डमा योजना कार्यान्वयन गर्ने निति अबलम्बन गरिनेछ ।

घ) **युवा तथा खेलकुद** (सक्षम खेलाडी -प्रतिस्पर्धि खेलकुद तथा मनोरंजन )

- युवाहरुको शक्ति लाई नगरको समृद्धिमा उपयोग गरिनेछ । नगर स्तरिय प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम आयोजना गरिनेछ ।
- खेलकुद लाई जिबनको अभिन्न अङ्ग को रुपमा बिकाश गरिनेछ ।
- सामुदायिक बिद्यालयका खेल मैदानको स्तरोउन्नती गरिनेछ ।
- **"मेयर कप रनिङ सिल्ड"** प्रतियोगीता कार्यविधी निर्माण गरी व्यवस्थीत ढङ्गले आयोजना गरिनेछ ।
- अमरगढी नगरपालिका लाई **"स्पोर्ट सिटी"** घोषणा गर्न पहल गरिनेछ ।
- युवाहरुको बढ्दो खेल प्रतिको आर्कषक लाई मध्यनजर गरि बिभिन्न खेलकुद गतिबिधि संचालन गर्न सहयोग गरिनेछ ।
- युवाहरुको भबिश्य सुन्दर बनाउन उनिहरुलाई आय आर्जन र सामाजिक सेवाका कार्यमा संलग्न गराईनेछ । युवा दुर्ब्यसनि बिरुद्धको सचेतना कार्यक्रम लागु औषध दुर्ब्यसनि पुर्नर स्थापना केन्द्र स्थापनाका लागि सहकार्य गरिनेछ ।
- मादक पदार्थ , धुम्रपान , लागु औषध जस्ता दुर्ब्यसन बाट बचाउन स्कुल , कलेज , गैर सरकारी संस्था र क्लब हरु संग सहकार्य गरिनेछ ।
- खुला खालि सार्वजनिक जग्गा खेलकुदका लागि उपयोग गर्ने निति लिईनेछ ।
- खेलकुदमा लैङ्गीक बिभेदको अन्त्य गरिने छ .
- स्वस्थ्य खेलकुद स्वस्थ्य जिबनको अवधारणा अगाडि ल्याईनेछ ।
- भजनपुर क्रिकेट मैदान, उग्रतारा रंगशाला, रामलिला खेल मैदान, खेताखोला खेल मैदान लाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

ङ) **सामाजिक सुरक्षा** ( जनजनको सरोकार घरघरमा स्थानिय सरकार )

- सामाजिक सुरक्षा भत्ता घुम्ती सेवा मार्फत बितरणको ब्यवस्था मिलाईनेछ ।
- महिला हिंसा न्युनिकरण र लैङ्गीक बिभेदको अन्त्य गरिनेछ ।

- अल्पसंख्यक पिछडिएको बर्ग क्षेत्रको उत्थान र जातिय भेदभावको अन्त्य गरिनेछ ।
- अपाङ्ग , दलित असहायको सामाजिक जिबनको सुरक्षाको सुनिस्चितता गरिनेछ ।
- बिभिन्न दिबस हरु मनाउने निति अबलम्बन गरिनेछ
- "जेष्ठ नागरिक" समाजको गठन र तिनको क्षमता र अनुभब लाई पुजिका रुपमा लिई उचित ठाँउमा उपयोग गरिनेछ ।
- जेष्ठ नागरिकको मर्यादित जिबनका लागि अनुभबको साटासाट मा टेवा दिन दिवा सेवा केन्द्र स्थापना गर्ने सरकारी गैर सरकारी निकाय संग आवश्यक समन्वय गरिनेछ ।
- डडेल्धुरा कारागारका कैदि बन्दी हरुका लागि सिप बिकाश तालिम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम एकिकृत रुपमा संचालन गरि प्रभाबकारी रुपमा अनुगमन गरिनेछ ।
- बालबालीकाको रुचिलाई ध्यानमा राखी चिल्ड्रेन पार्क र फन पार्कको निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्शाहन गरिने छ ।
- बिभिन्न धर्म धर्मालम्भी हरुका मसानघाट ब्यवस्थापन गरिनेछ ।
- अमरगढी नगरपालीका "**स्मार्ट सिटी**" घोषणा भईसकेका ले यसका लागी आवश्यक पूर्वाधारहरुको विकासका लागी विशेष पहल गरिने छ ।
- नगरक्षेत्रका प्रत्येक सामुदायीक विद्यालयमा खेलमैदान निर्माणको निती अवलम्बन गरिने छ ।
- **"शिप युक्त महिला आत्म निर्भर पहिला"** भन्ने नारा लाई मुर्त रुप दिन महिला हरुका लागि सिप बिकास तथा उद्यम प्रर्बदन कार्यक्रम संचालन गरिनेछ ।
- **"अमरगढी महीला शसक्तीकरण"** कार्यक्रम लागु गरिने छ ।
- मुक्त हलियाको पुनः स्थापना कार्यक्रम अगाढी बढाईनेछ र तथ्याङ्क अध्यावधिक गरिनेछ ।

ङ) **बित्तिय क्षेत्र** (स्थानिय सरकार शुसासनको पहरेदार )

- बित्तिय संस्थामा सहज पहुचको निति अबलम्बन गरिनेछ ।
- नयाँ स्थापना हुने बित्तिय सस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र बिस्तार गर्न नगरपालिकाको स्वीकृत लिनु पर्ने ब्यवस्था गरिनेछ ।
- बित्तिय संस्थामा एक परिवार एक खाता निति अनिवार्य रुपमा अबलम्वन गरि आम जनताको बचत अभिबृद्धिमा पहल गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई सर्बसुलभ रुपमा बितरण गर्न बित्तिय संस्थाहरु संग समन्वय गरि घुम्ती बैंक संचालन का लागि पहल गरिनेछ ।

२) **सामाजिक बिकाश** :

क) **शिक्षा :-** "दक्ष जनशक्ति निमार्णको आधार गुणस्तरीय शिक्षामा आधुनिक प्रबिधि र शैक्षिक पुर्वाधार"

- उच्च शिक्षा तथा प्रबिधिक शिक्षामा शैक्षिकलोन को ब्यवस्था गर्ने निति अबलम्बन गरीनेछ ।
- नेपालको संबिधान ले शिक्षा लाई मौलिक हक को रुपमा स्थापित गरिसकेको परिपेक्षमा सबै नगर बासिलाई गुणस्तरिय शिक्षामा पहुच पुर्‌याउन बिशेष योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

- सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिईनेछ , र बिद्यालय , बिद्यार्थी , शिक्षक संख्याको साथै भौतिक संरचनामा अनुपातिक सुधार तथा ब्यवस्थापनका लागि बिशेष निति अबलम्वन गरिनेछ ।
- प्रबिधिक एवं गुरुकुल शिक्षाको स्थापना र प्रबर्द्धन गरिनेछ र उग्रतारा वेदबिधाश्रम लाई भौतिक पुर्वाधार र जनशक्ती ब्यवस्थापन गरिनेछ ।
- सरकारी विद्यालयमा दिवा खाजाको ब्यवस्था गरिने छ र सामुदायिक बिद्यालयका शिक्षक लाई पेशा प्रति जिम्मेवार बनाईनेछ ।
- सामुदायिक बिद्यालयको शिक्षाको प्रभाबशिलता र गुणस्तरियता अधिबृद्धिका लागि मुल्याङ्कनका निश्चित मापदण्ड र जरिवाना लाई प्रभावकारी बनाई कुनै एक बिद्यालय छनौट गरि Center of excellence का रुपमा बिकास गरिनेछ ।
- विपन्न वर्गका बालवालिका हरुलाई प्राबिधिक शिक्षामा सहज पहुच बढाउन **"नगर प्रमुख छात्रबृती"** कार्यक्रम लागु गरिने छ ।
- बिद्यालय प्रतिको आम जनताको अपनत्वको भावनामा बिकाश र सुधार गरिनेछ ।
- अपाङ्ग मैत्री भौतिक संरचना निर्माण मा जोड दिईनेछ ।
- रोजगार सुचनाकेन्द्र मार्फत JOB bank को स्थापना गरिने छ ।
- विभिन्न स्वरोजगार मुलक तालीम प्रदान गर्न **"अमरगढी ट्रेडिङ्ग सेन्टर"** स्थापना गरिने छ ।
- अमरगढी नगरपालिकाले अघि सारेको "**शैक्षिक गुणस्तर सुधारको आधार वर्ष २०७५"** लाई भब्य रुपमा सफल बनाउँदै यस नगर पालिकालाई उत्कृष्ठ शैक्षिक केन्द्रको रुपमा विकास गरिदै लगिने छ ।
- नगरपालिका क्षेत्रभित्रका विद्यालय उमेरका सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चत गरी बालबालिकाहरुलाई **"विद्यालय भिकाऔं, टिकाऔं, सिकाऔं र विकाऔं**" अभियानलाई साकार पारिने छ ।
- सामुदायिक र संस्थागत विद्यालयहरुबीचको दूरीलाई घटाउन निजी सामुदायिक साझेदारीलाई प्रबर्द्धन गरिने छ ।
- सर्वजनिक पद धारण गरेका राष्ट्र सेवक , कर्मचारी ,जनप्रतिनिधि र राजनितिज्ञ जस्ता ब्यक्तिहरु लाई सरकारी बिद्यालयमा छोराछोरी हरुलाई भर्ना गर्न अभिप्रेरित गरिनेछ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र, अभिभावकहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत सरोकारवाला सबैको साथ सहयोग लिइने छ । यसका लागि सरोकारवालाहरुको क्षमता विकास गरिनुका साथै समुदाय परिचालन गरिने छ ।
- सामुदायिक विद्यालयहरुलाई बालमैत्री बनाइ विद्यालयमा बालमैत्री शिक्षण सिकाइ प्रक्रिया अबलम्बन गरिने छ ।
- विद्यालय शिक्षामा आधुनिक प्रविधिको प्रयेग (ICT Based )लाई बढावा दिदै सोका लागि आवश्यक श्रोतसाधनको व्यवस्थापन तथा अमरगढी नगरपालिकाका हरेक वडामा कम्तीमा

एकवटा विद्यालयको प्राथमिक कक्षाहरुमा Talking Teacher प्याकेज कार्यक्रमलाई परीक्षणको रुपमा लागु गरिने छ ।

- नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको प्राथमिक विद्यालय, आधारभूत विद्यालय र माध्यमिक तहका विद्यालयहरुमध्ये १ र १ वटाका दरले ३ वटा विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा विकास गरिने छ । सबै वार्ड बाट १/१ बिद्यालयका दरले ११ वटा बिद्यालयलाई सुधारोन्मुख बिद्यालय अभियान संचालन गरिनेछ ।
- यस नगरपालिकाको **पाँच वर्षे नगर शिक्षा योजना** तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- बालबालिकाको सिकाइमा भइरहेको प्रगितको समय समयमा मापन गर्न कक्षा ३, कक्षा ५ र कक्षा ८ को बाह्य परीक्षणहरु संचालन गरिने छ ।
- यस नगर पालिकाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) व्यवस्थित गरिने छ र सोका लागि विशेषज्ञ सेवा समेत लिइने छ ।
- विद्यालयहरुमा भइरहेको शिक्षण सिकाइको अनुगमन, मूल्याङ्कन तथा समीक्षालाई सघन रुपमा संचालन गरिने छ । यसका लागि सबै सरोकारवालाहरुलाई परिचालन गरिने छ ।
- बालबालिकाहरुको पढाइलाई प्रवर्द्धन गर्न विद्यालय तथा समुदायस्तरमा **पढाइ उत्सब एवं मेलाको** आयोजना गरिने छ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने सन्दर्भमा शिक्षकहरुको क्षमतामा विकास गर्न उनीहरुको आवश्यकतामा आधारित तालिम संचालन गरी सक्षम बनाइने छ ।
- शिक्षक विद्यार्थी अनुपात एकदमै न्यून रहेका विद्यालय क्षेत्रका बालबालिकाहरुको विद्यालय पहुँचको उपयुक्त व्यवस्थापन गरी विद्यालय तह मिलान, विद्यालय मर्ज, शिक्षक दरबन्दी मिलानका लागि विद्यालयका सरोकारवालाहरुसँग व्यापक अन्तरक्रिया, छलफल, बहस गरी सोका लागि सहजीकरण गरिने छ ।
- नगर क्षेत्रका बिद्यालयहरुमा क्षमता र सम्भावनाका आधारमा प्राबिधिक शिक्षा संचालन गर्ने निति अबलम्बन गरिनेछ ।
- उच्च तथा प्राविधिक शिक्षामा सबै तह र तप्काका बालबालिकाहरुको पहुँच अभिवृधि गर्न शैक्षिक सहयोग उपलब्ध गराइने छ ।
- यस नगरपालिका क्षेत्र भित्रका आम जनसमुदायहरुको चेतना स्तर अभिवृद्धि र निरन्तर सिकाइकालागि अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गरिने र यसका लागि सामुदायिक सिकाइ केन्द्रहरुको प्रबद्धन गरिने छ ।
- विद्यालयमा आधारित र समुदायमा आधारित बालबिकास कक्षाहरुको गुणस्तर अभिवृद्धि र पुनर्रसंरचनामा जोड दिइने छ ।
- बाह्य गाउँपालिका तथा नगरपालिकाबाट संस्थातग विद्यालयहरु स्थानान्तरण गरी ल्याउने प्रवृत्तीलाई निरुत्साहित गरिने र शिक्षा सम्बन्धी कानूनी प्रबन्ध गरी व्यवस्थित गरिने छ ।
- शिक्षामा पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकरी रुपमा कार्यान्वयनमा ल्याइने छ ।
- **उत्कृष्ट , शिक्षक , विद्यार्थि र अभिभावक** लाई सम्मान गर्ने निति अबलम्बन गरिनेछ ।

ख) **उद्योग तथा बाणिज्य** (स्थानीय स्रोतको प्रबर्दन उद्योगको सम्वर्द्धन )

- यस न.पा.मा औद्योगिक क्षेत्र स्थापना , सम्भाब्य उद्योग संचालनका लागि आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।
- स्थानिय उत्पादनका लागि बजार सुनिश्चितता गर्दै वातावरण मैत्री उद्योग स्थापनामा जोड दिने निति अबलम्बन गरिनेछ ।
- सम्भाबित ठाँउमा अध्ययन गरी "**उद्योग-ग्राम स्थापना**" गरिने छ र निजीक्षेत्र संग साझेदारीमा साना तथा मझौला उद्योग स्थापनामा राजश्व सहुलियत गर्ने निति लाई प्राथमिकता दिईनेछ ।
- स्थानिय उद्योग लाई प्रयोग गर्ने खालका निति, मेसिन कर छुट, बजारको सुनिश्चीतता गरिने छ ।
- नगर क्षेत्र भित्र ५० जना भन्दा बढी ब्यक्ति लाई प्रत्यक्ष रोजगारि दिने उत्पादन मुलक उद्योग स्थापना गर्ने जग्गा खरिद गर्न लाग्ने लिखत रजिष्टेसन दस्तुरमा ७५% छुट दिने निति अबलम्बन गरिनेछ ।
- बेरोजगार युवा युवीतीहरुका लागी लामो समयको तालीम लिईसकेपछी न.पा.ले अनिवार्य Skill Test को ब्यवस्था गराउने निति लिईनेछ ।
- बैदेशिक रोजगारीमा रहेका युवाहरुलाई स्वदेसमै ब्यवसाय गर्नका लागी अनुदान र कर छुटको नीति लागु गरिने छ ।
- नगर क्षेत्रमा संचालित उद्योग तथा ब्यवसायिक फर्म,हरुलाई अनिवार्य दर्ता नविकरण कार्यलाई ब्यवस्थीत गर्ने निती अवलम्बन गरीने छ ।
- स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ ।
- सार्वजनीक नीजि साझेदारीमा (ppp) जोड दिइने छ ।
- उद्योग विकासका निम्ती Outward/Back-ward linkage मा जोड दिइने छ ।
- कृषि तथा वन्यजन्तु उद्योग स्थापनामा प्रोत्साहन गरिने छ ।
- जलवायु अनुकुलन उद्योग स्थापनामा जोड दिइने छ ।

**पर्यटन/संस्कृती : "पर्यटनमा लगानि, समृद्धिको बिहानी"**

- अमरगढी लाई **"पर्यटकिय सिटि"** घोषणा गर्न पहल गरिनेछ ।
- **"पशिचम नेपाल भ्रमण बर्ष"** भब्य रुपले मनाउने योजना निर्माण गरिनेछ ।
- स्थानीय धार्मीक स्थलको संरक्षण र सम्बर्द्धन गरिने छ ।
- परम्पपरागत लोकभाका, डोटेली संस्कृतिको जगेर्ना गर्न **"डोटेली संग्राहालय"** स्थापना गर्न आवश्यक पहल गरिने छ ।
- बौद्ध गुम्बा निमार्ण गर्न पहल गरिनेछ ।
- ऐतिहासिक अमरगढी किल्लाको मौलिक संरक्षणमा जोड दिइने छ र यस किल्लालाई ऐतिहासिक पर्यटकिय स्थलका रुपमा विकास गर्ने गुरु योजना निर्माण गरिने छ र किल्ला भित्र **संग्राहालय स्थापना** गरिनेछ ।
- साहसिक पर्यटन लाई प्राथमिकता दिने निति अबलम्बन गरिनेछ ।

- ऐतिहासिक धार्मिक एवम् पर्यटकिय स्थलहरु, उग्रतारा मन्दिर, घटालस्थान, रावलतोली गुफा, सहश्रलिङ्ग धुरा , कोलटुक्रा दरवार, हटगाउँ र काँडेकोटमा रहेका देवल, कश्यालेक, महाभारत धुरा, शैलेश्वर मन्दिर, सहश्रलिङ्ग असिग्राम, भुमिराज, समैजी, बैजनाथ, कैलपाल, जस्ता शक्ति पिठको संरक्षण र प्रचार र प्रसारमा जोड दिइने छ ।
- खेलकुद पर्यटनमा जोड दिइने छ ।
- शहिद भिमदत्त पन्तको जन्मथलो अमरगढी २ लाई **"शहिद भिमदत्त पन्त आर्दश बस्तीको"** रुपमा विकास गर्दै भिमदत्त Home Stay संचालन विकास गरीने छ ।
- डोटी घटालमा तलाउ निर्माण गरी पर्यटकिय गन्तब्य बनाईनेछ ।
- पुराना पाटि पैवा , मगराउ , नौला , धर्मशाला संरक्षण गरि मौलिक संस्कृति संरक्षण गरिनेछ ।
- घटाल क्षेत्रको बिकासका लागि गुरु योजना निर्माण गरि बृहत्तर बिकास को निति लागु गरिनेछ ।

**सहकारी : "टोलटोलमा सहकारि घरघरमा रोजगारि "**

- नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्शाहन गर्न विशेष निति अवलम्बन गरिने छ ।
- **"एक टोल एक सहकारी"** को निति अवलम्बन गरिने छ ।
- हरेक सहकारीको विकासका लागि आवश्यक नियमन तथा अनुगमन को ब्यवस्था गरिने छ ।
- गरिबि निवारण कोष का C/O हरुमा रहेको पुँजी एकत्रित गरि आय आर्जनमा लगाउन ११ वार्ड मा ११ सहकारी निर्माण गरिनेछ ।
- सहकारीलाई गरिबि निवारण , रोजगारी सृजना र आर्थिक बृद्धिको मेरुदण्डको रुपमा बिकाश गरिनेछ ।

**३) पुर्वाधार विकास (भौतिक पुर्वाधार विकासको आधार )**

**क) सडक तथा यातायात, "सामाजीक आर्थिक रुपान्तरणको आधार, बस्तीवस्तीमा यातायात पुर्वाधार"**

- नगरपालिका भएर जाने सवै लोकमार्गको सिमाङ्कन गरी आनावश्यक सडक मिच्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- निजी क्षेत्रभित्रको सहकार्यमा **"नगर बस"** संचालन गरिने छ ।
- बागबजार डकले सडक ४ लेन र डकले-अनारखोली, बागबजार-भातकाडा २ लेन बनाउन पहल गरिने छ ।
- अ.न.पा. १ ढुन्ढुनेमा बजार भरीका ग्यारेज (work shop) ब्यवस्थापन गरिने छ ।
- नगरपालीका भित्रको यातायात ब्यवस्थापनका लागि "**भित्री , मध्य र बाहिरी चक्रपथ"** को अवधारणा विकास गर्दै ग्रामिण सडक लाई स्तरोन्नती गरि लिङ्क सडकको रुपमा बिकास गरिनेछ ।
- डकले सल्लाघारी र किर्तिपुर आईत सडकलाई **"अमरगढी गौरब आयोजना"** का रुपमा अगाडि बढाईनेछ ।

- राष्ट्रिय लोकमार्गमा आवतजावत गर्ने यातायातका साधनका लागि अ.न.पा. स्याउलेमा सवारी साधन entry र stand point निर्माण गरिने छ ।
- All weather सडकको निर्माण गरिने छ ।
- अ.न.पा. ५ डकलेमा "**सुविधा सम्पन्न बसपार्क**" निर्माण गर्ने कार्यलाई द्रुतगतीमा अगाडी बढाइने छ । बागबजारमा भएको वसपार्कको उचित ब्यवस्थापन गर्दै "बश स्टेण्ड"को रुपमा विकास गरिने छ ।
- तुफानडाँडा न्युरोडमा "Over bridge" बनाउन पहल गरिनेछ ।
- स्थानीय सडकको उचित मापदण्डको आधारमा स्तरोन्नती गरिने छ ।
- अधुरा पिचका योजनाहरुलाई क्रमागत रुपमा अगाडी बढाई निर्माण सम्पन्न गर्ने निति अगाडी बढाईनेछ ।

**ख) सिचाई : (किसानको वारी सिँचाई अमरगढी )**

- ठाँउठाउमा पोखरी निर्माण गरी भुमिगत सिचाँइको अध्ययन अनुसन्धान गरिने छ ।
- डोटी घटाल क्षेत्रमा लिफ्ट सिचाईको प्रविधि मार्फत विकास र उपयोग गरिने छ ।
- सिचाँइका निमित्त पोखरी मार्फत बर्खेपानी संकलनमा जोड दिइने छ ।
- सिचाँई र कृषि उपज क्षेत्रको तादाम्येता मिलाइने छ ।

**ग) भवन तथा शहरी विकास : "सुन्दर शहर शुरक्षित आवाश"**

- घर नक्सा पासलाई ब्यवस्थीत गरि सडक सतहबाट माथी निर्माण हुने घरतलाको संख्या निश्चित तुल्याइने छ ।
- भु-उपयोग योजना र वस्ती विकास योजना लागु गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिने छ ।
- स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।
- सार्वजनीक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाइ निरुत्साहित गरि सार्वजनीक जमिनको लगत लिई संरक्षणमा जोड दिइने छ ।
- अमरगढी नगरपालिकालाई Hill City को रुपमा विकास गरिने छ ।
- एक भवन दुई विरुवा रोपी हरीयाली (Green City) शहरमा जोड दिइने छ ।
- अब्यवस्थीत बसोवासलाई ब्यवस्थीत गरि बढ्दो शहरीकरणलाई उचित ब्यवस्थापन गरिनेछ ।
- अपाङ्ग, बृद्ध, असहाय मैत्री शहरी संरचनामा जोड दिइने छ ।
- भवन निर्माण ब्यवसायीक र आवासीय गरि दुई भागमा बर्गीकरण गरिने छ ।
- सडक छेउछाउ निर्माण भएका भवनलाई उचित ब्यवस्थापन गरिने छ ।
- वस्ती विकास मार्फत नवीन शहर र वजारको विकासमा जोड दिइने छ ।
- नेपाल सरकार, अन्य दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने उक्त शहरी पूर्वाधार जस्तै रंगशाला, सभागृह बहुउद्देश्यि सिटिहल, ल्याण्डफिल साइट, सपिङ्ग कम्प्लेक्स, प्राविधिक शिक्षालय, धार्मिक तथा पर्यटकिय पूर्वाधार निर्माणमा पहल गरिने छ ।

- ११ वटै वार्डमा **"सुरक्षित छाना कार्यक्रम"** संचालन गरि फुसको छाना लाई ३ बर्ष भित्र जस्ताको छाना बाट प्रतिस्थापन गरिनेछ ।

**घ) संचार :**

- सदरमुकामका सार्वजनिक स्थलमा Free WiFIको व्यवस्था गरीने छ ।
- नगरपालिका भित्रका ग्रामिणक्षेत्र सम्म गुणस्तरीय Internet सेवा विस्तारमा पहल गरिने छ ।
- सुचना प्रविधिको सवै नागरीकको पँहुचलाई सुलभ बनाईने छ ।

**ङ) बैकल्पीक उर्जा, साना जलविद्युत सहित :**

- **"शैक्षिक उज्यालो कार्यक्रम"** लाई निरन्तरता दिन पहल गरिने छ ।
- बैकल्पिक उर्जाको अध्ययन र विकासका साथै ग्रामिण भेग सम्म विस्तार गरिने छ ।
- सार्वजनीक महत्वका स्थानमा सौर्यवत्ती जडान गर्ने तथा सडक शौर्यबत्ती विस्तार गरिने छ ।
- **"सहिद भिमदत्त झिलीमिली"** कार्यक्रम लागु गरिने छ ।
- नगरपालिकाको ग्रामिण बस्तिमा गोवर ग्यासको प्रयोग र उपयोगमा जोड दिइने छ ।
- ग्रामिण क्षेत्रमा धुवारहित चुलो प्रवर्द्धन गरिने छ ।

**४. वातावरण तथा विपद ब्यवस्थापन :**

**क) वन तथा भू-संरक्षण "सवैको वन नागरीकको धन"**

- बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइने छ ।
- वन उद्‍यान विकासमा जोड दिइने छ ।
- वन संरक्षणमा सवैको सहभागिता जुटाइनेछ ।
- विशेष वनक्षेत्र पहिचान गरि Open Zoo स्वच्छ उद्यान निर्माण गरिने छ । ऋसिखोला देखी स्याउले सम्म सुरक्षित बन बनाउन पहल गरिने छ ।
- सार्वजनिक प्रति, बाटो, चौतारी, परम्परागत धार्मीक पर्यटकीय, खुलाक्षेत्रको सिमाङ्कन गरी बनको संरक्षण गरिनेछ ।
- सामुदायीक वन उपभोक्ता समितीको क्षमता विकासमा जोड दिई अझ बढी जिम्मेवार बनाईने छ ।
- **"हराभरा वन, जनताको धन"** अवधारणा विकास गरिने छ ।
- Fruit Forest अध्ययन र विकास गरिने छ । खालीवनको क्षेत्रमा फलफुल नर्सरी, जडीबुटी नर्सरी को उत्पादन र विकास गर्न तर्फ विशेष कार्यक्रम संञ्चालन गरिने छ ।
- पारीवन महाभारत लेक जंगल फडानी रोक्ने विशेष योजना बनाईने छ ।
- यस बर्षलाई शहरी जलाधार कार्यक्रम मार्फत "**पानि मुल संरक्षण अभियान"** को थालनि गरिनेछ ।

**ख) जलवायु परिवर्तन :**

- बढ्दो जलवायु परिवर्तन वारे नगरवासीलाई सुसुचित तुल्याई जलवायु परिवर्तन न्यूनीकरण मा जोड दिइने छ ।

- वातावरण संरक्षण पर्यावरण जोगाउन तर्फ सबैको पहल अनिवार्य गरिनेछ ।

**ग) जल उत्पन्न प्रकोप नियन्त्रण**

- बस्ती व्यवस्थापन, ढल निकास लाई व्यवस्थीत गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सवै संग सहकार्य र समन्वय गरिने छ ।

**घ) विपद् ब्यवस्थापन :**

- विपद् ब्यवस्थापन पूर्व तयारी वारे जानकारी संयन्त्र निर्माण गरिने छ ।
- प्रत्येक वडामा उद्धार, राहत पुनःस्थापना समिति निर्माण गरिने छ ।
- विपद् ब्यवस्थापन नगर कार्य योजना निर्माण गरिने छ ।
- वारुण यन्त्र संचालनमा दक्ष जनशक्तिको विकास गरि थप प्रभावकारी छिटो छरितो स्तरीय बनाईनेछ ।
- बिपद पुर्व अभ्यास बिपद ब्यवस्थापन सामाग्रीको ब्यवस्था गरिनेछ ।

**५) संस्थागत विकास सेवा प्रभाव र सुशासन**

**क) मानव संसाधन विकास**

- कर्मचारी भर्नामा योग्यता क्षमता र मुल्याङ्कन प्रणाली अपनाईने छ ।
- अन्य निकायवाट समायोजन हुन आउने जनशक्तिलाई आवश्यकता , क्षमता र कार्यालयको आवश्यकता का आधारमा स्वीकारीने ब्यवस्था गरिने छ र उचित जिम्मेवारी दिईनेछ ।
- कर्मचारीको बृद्धि विकासमा उचित ध्यान दिइने छ ।
- कामको मुल्याङ्कनको आधारमा उत्कृष्ट वडा , वडा अध्यक्ष, सभा सदस्य र कर्मचारी लाई विशेष पुरुस्कारको ब्यवस्था गरिने छ ।
- कर्मचारको क्षमता अभिबृद्धि र सेवा सुविधामा न्यायोचित पुरुस्कृत र दण्डीत गरिनेछ ।
- नगरपालिकाका स्थायी, अस्थायी र करार का कर्मचारीको कामको आधारमा मुल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ ।
- कर्मचारी अनुशासन नरहने र ब्यवसायीक क्षमता र आचरण नभएकोलाई गुण र दोषको आधारमा ब्यवहार गरिने छ ।
- वडा कार्यालयको भवन निर्माण प्राथमिकताका आाधारमा गरी कर्मचारी ब्यवस्थापन र भौतिक ब्यवस्थापन गर्दै लगीने छ ।
- का.स.मु. लाई प्रभावकारी बनाईने छ ।
- स्थानीय सदाचार निति २०७५ को पालना गराउने तर्फ अग्रसर रहने छौ ।
- द्वन्द पिडित कर्मचारीलाई न्यायोचित ब्यवहार गरिने छ ।
- नेपाल सरकारको प्रशासनिक सुनसंरचना मार्फत तय भएका मापदण्ड  कार्यान्वयनमा शिघ्रता ल्याइने छ ।
- आन्तरीक अनुशासन र क्षमता अनुसार जिम्मेवारी दिइनेछ ।

- कार्यालयको मर्यादा Chain of command र नैतिकतामा नरहने कार्यालय समयमा सेवा प्रवाहमा लापरवाही गर्ने तर बृती विकास खोज्ने र जिम्मेवारीमा निष्ठावान नहुने कर्मचारी उपर हदै सम्मको कारवाही गर्न पछि नपर्ने निति लिइने छ।
- कर्मचारी प्रतिको हिजोको जस्तो जुन आसंका छ, सो को निकारण गरि सभ्य मर्यादित अनुशासित नैतिक कर्मचारी सेवाको विकास गरिने छ।
- स्वच्छिक अवकासमा जाने कर्मचारीलाई Golden Handshake को ब्यवस्था गरिने छ।
- कर्मचारीको क्षमता विकासमा अध्ययन अनुसन्धान तालिम भ्रमण  अनुभव साटासाटको ब्यवस्था मिलाईने छ।
- राष्ट्रसेवक कर्मचारी लाई पुरुस्कृत र दण्डीत गर्ने निति अवलम्वन गरिनेछ।

**ख) सुरक्षा ब्यवस्था :**

- आन्तरिक आर्थिक क्षमताका आधारमा **"नगर प्रहरीको"**ब्यवस्था गरि नगर सरसफाई फोहोर ब्यवस्थापन र नगरको शान्तींका लागि नगर प्रहरी यसै बर्ष गठन गरि परिचालन गरिने छ।
- नगरपालिकाको E–Profile निर्माण अन्तिम चरणमा रहेको र सो तयार गरी **"स्मार्टकार्ड"** वितरणको ब्यवस्था मिलाईने छ।
- निर्माण सामाग्री थुपारी सडक असुरक्षा बढाउने लाई कानुनी कारवाहीका दायरामा ल्याइने छ।

**ग) सुचना प्रविधि :**

- **"बिकास मैत्रि संचार संचार मैत्री सरकार"** को मान्यता अनुसार बिधुतिय र छापा संचार संग सहकार्य गरिनेछ।
- टोल फ्रि नम्बर जडान गरिनेछ।
- प्रत्येक वडा कार्यालयमा संचार सेट स्थापना गरिने छ।
- विद्युतीय प्रणालीको प्रयोगमा जोड दिइने छ।
- गुनासो सुनुवाईलाई प्रविधि संग जोड्दै ब्यवस्थीत गरिने छ।
- सेवा प्रभावमा Token System , सार्वजनिक सुनुवाई, जनता संग जनप्रतिनिधिको प्रत्यक्ष संवाद नागरिक वडा पत्र र विविध प्रविधि संग जोडिने छ।
- सुचना प्रवाहमा एक द्वार प्रणाली अपनाईने छ।
- सूचना प्रविधिको प्रयोगमा क्षमता अभिबृद्धि गरि अधिकतम उपयोग गरिने छ।
- नगरपालिकाको राजश्व अनलाईनको माध्यमबाट भुक्तानी गर्ने ब्यवस्था गरिने छ।
- नगरपालिकाको आर्थिक भौतिक, सामाजिक लेखाङ्कन प्रविधि युक्त बनाईने छ।
- सूचना नै ज्ञानको श्रोत र सूचना संचार प्रबिधि नै बिकाशको आधारशिला भएकाले यस न.पा. लाई सूचना संचार मैत्री नगर बनाईनेछ।
- नगरपालिकामा रहेको सूचना प्रबिधि केन्द्र लाई प्रभाबकारी बनाई थप बिस्तार गर्ने निति अबलम्बन गरिनेछ।

**६. वित्तिय व्यवस्थापन र सुशासन :**

**क) लेखाङ्कन, वित्तय परिचालन**

- आर्थिक प्रशासन संचालन प्रविधिमा जोड दिइने छ ।
- वित्तिय सदाचारीतामा जोड दिइने छ ।
- पंजिकरणलाई प्रविधि मैत्री बनाउदै लगिने छ ।
- कार्यक्रमका सम्पूर्ण कामकारवाहीलाई कम्प्युटरकृत गरिने छ । सो को दिर्घकालिन सुरक्षामा जोड दिइने छ ।
- सुचनाको हकको सुनिश्चित गरिने छ ।
- नगरपालिका बाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षणमा निरन्तरता दिइने छ ।

**ख) तथ्याङ्क संकलन :**

- नगर पाश्वचित्र तयार गरिने छ ।
- दिर्घकालिन नगर गुरुयोजना निर्माण गरिने छ ।
- प्रत्येक जनप्रतिनिधीलाई तथ्याङ्कमा जिम्मेवार बनाइने छ ।
- क्षेत्रगत Mater Plan निर्माणमा जोड दिइने छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने छ ।

**ग) वित्तिय जोखिम र आन्तरीक लेखा परिक्षण :**

- वित्तिय जोखीम न्युन गरिने छ ।
- आन्तरिक लेखापरिक्षण शाखालाई व्यवस्थीत गरिने छ ।
- आन्तरिक लेखापरिक्षकको नियुक्ति योग्यता, क्षमताका आधारमा गरिने छ । जसमा योग्यतम व्यक्तिलाई जिम्मेवारी दिइने छ ।
- आन्तरिक लेखा परिक्षण औपचारीकतामा मात्रै सिमित राखिने छैन ।

**७. विविध** : यस वर्ष लाई थप नगरपालिकाले अध्ययन अनुसन्धान वर्षका रुपमा लिई विभिन्न सम्भावित क्षेत्रको अध्ययन अनुसन्धानमा जोड दिइने छ ।

- **"अमरगढी बिकाश प्राधिकरण"** गठन गरी स्मार्ट सिटिको अवधारणा अनुसार आवश्यक पुर्वाधार ( सपिङ्ग कम्प्लेक्स, बहुउद्देश्यीय सभागृह, क्रिकेट स्टेडियम, धार्मिक तथा पर्यटन पूर्वाधार, बस्ती विकास, औद्योगिक अध्ययन र खेलकुद रंगशाला) सम्भावनाको अध्ययन अनुसन्धान परामर्श र डि.पि.आर.तथा निर्माणमा जोड दिइने छ ।
- आवधिक नगरविकास योजना र यातायात गूरुयोजना तर्जुमा गरिने छ ।

अव म यस नगरपालीकाको २०७५/०३/०६ मा प्रस्तुत गरिने आ.व. २०७५/०७६ को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

यस नगरपालीकाको मिति २०७५।३।४ गतेको बैठकबाट श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गररेको आगामी आ.व. २०७५/०७६ को लागी संघिय सरकार बाट (नेपाल सरकार) वित्तिय सामान्यिकरण वाट प्राप्त निशर्त रकम रु. ८ करोड ३४ लाख, शशर्त रकम रु १३ करोड १२ लाख गरि जम्मा रु. २१ करोड ४६ लाख र आन्तरिक आयश्रोतबाट अनुमान गरिएको रकम रु १ करोड ५० लाख र सामाजिक सुरक्षा रु.३ करोड ५० लाख बहु क्षेत्रिय पोषण कार्यक्रमको लागि अनुमानित रकम रु.१३ लाख सुशासन परियोजनाका लागि अनुमानित रु.३२ लाख र प्रधानमन्त्री कृर्षि आधुनिकरण कार्यक्रमको लागि अनुमानित रकम रु. ४५ लाख समेत गरि कुल आय अनुमान जम्मा रु. ३३ करोड ९३ लाख ७९ हजार रकमको कुल बजेट तथा कार्यक्रम तयार गरेको छु । साथै ससर्त अनुदान लाई यथावत राखि बिनियोजन तर्फ चालु खर्च रु. ७ करोड सामाजिक सुरक्षामा ३ करोड ५० लाख र योजना तथा कार्यक्रम तथा पुँजिगत तर्फ रु. २३ करोड ४३ लाख ७९ हजारको बजेट प्रस्ताब गरेको छु ।

अन्तमा समृद्ध अमरगढी निर्माणका लागि सम्पुर्ण अमरगढी बाशी आदरणीय दाजु भाई, दिदिबहिनी तथा उद्योगि, ब्यापारी , बुद्धिजिबी , समाजसेवी , पत्रकार सबैमा यो निति तथा कार्यक्रम अध्ययन पश्चात रचनात्मक सुझाब सल्लाहको अपेक्षा सहित धन्यावाद ब्यक्त गर्न चाहन्छु ।

विश्वेश्वर प्रशाद ओझा
नगर प्रमुख

# अमरगढी सरकारको आ.व.२०७५/०७६ को निति तथा कार्यक्रम र बजेट

## अमरगढी नगरपालिका
## नगरकार्यपालिका को कार्यालय ,
## डडेल्धुरा